श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

राष्ट्रिय व्यवसायिक प्रशिक्षण केन्द्र

# व्यवसायिक प्रशिक्षण केन्द्र

बुटवल,रुपन्देही

**प्रथम पटक प्रकाशित मिति २०८१।०१।१८**

यस प्रशिक्षण केन्द्रवाट आ.व.२०८०।८१ को वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका सीपमूलक तालिमहरु निः शुल्क रुपमा सञ्चालन हुने भएको हुँदा तालिममा सहभागी हुन इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको स्थानमा आवेदन फारम भर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघि आएको र रीत नपुगेको आवदेन उपर कुनै कारवाही गरिने छैन ।

**तपशिल -**

| क्र. सं. | तालिमको विषयहरु | तालिम को अवधि (घण्टा) | न्यूनतम शैक्षिक योग्यता | तालिम सञ्चालन हुने स्थान | अन्तर्वार्ता हुने मिति, समय | तालिम उद्घाटन, सञ्चालन हुने मिति र समय | आवेदन फारम पाइने र पेश गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | ब्यूटिसियन एड्भान्स | १९५ | कक्षा ८ उत्तीर्ण | प्रशिक्षण केन्द्र बुटवल २० जना | २०८१।०२।४ गते दिनको ११:०० बजे | २०८१।०२।०६ गते विहान ११:०० बजे | प्रशिक्षण केन्द्र बुटवल |
| २ | कटाइ सिलाइ एड्भान्स | १९५ | कक्षा ८ उत्तीर्ण | प्रशिक्षण केन्द्र बुटवल ४० जना | २०८१।०२।३ गते दिनको ११:०० बजे | २०८१।०२।६ गते विहान ११:०० बजे | |

**तालिम लिन इच्छुकहरुले पालना गर्नुपर्ने शर्तहरु तथा पेश गर्नुपर्ने कागजातहरु**

१.प्रशिक्षार्थी आवेदन फारम,नेपाली नागरिकता, २ प्रति पासपोर्ट साइजको फोटो,शैक्षिक योग्यताको प्रतिलिपि र आधारभूत तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी मिति २०८१।०२।०१ गते (सो दिन विदा परेमा भोलिपल्ट) सम्म कार्यालय समय भित्र उल्लेखित स्थानमा पेश गर्नुपर्नेछ ।

२.प्रशिक्षार्थीले अन्तर्वार्ताको दिन फारम बुझाएको सक्कल कागजात अनिवार्य रुपमा लिइ उपस्थित हुनुपर्ने छ ।

३.तालिम लिन इच्छुक उम्मेदवारको उमेर १८ देखि ४५ वर्षको हुनुपर्नेछ । प्रशिक्षार्थीको छनौट अन्तर्वार्ताको माध्यमबाट गरिने छ । प्रशिक्षार्थी छनौट सम्बन्धी सूचना प्रशिक्षण केन्द्रको सूचनापाटी र वेबसाइटमा प्रकाशन गरिने छ ।

४.तालिम शुरुभएको तीन(३)दिन भित्र उपस्थित नहुने प्रशिक्षार्थीहरुको स्थानमा वैकल्पिक प्रशिक्षार्थीहरुलाई तालिममा सहभागी गराइने छ ।

५.एक समूहमा सामान्यतया २० जना प्रशिक्षार्थीहरुलाई सहभागी गराइने छ ।

६.विपन्न,दलित,अपांग,शहिद परिवार,एकल महिला र पिछडिएका क्षेत्रका व्यक्तिहरुलाई प्राथमिकता दिइने छ ।

७.वस्रे,खाने व्यवस्था सहभागी आफैले गर्नुपर्ने छ ।

८.तालिममा छनौट भइ मनासिब कारण बेगर तालिम छाडेमा सरकारी अभिलेखमा राखी भविष्यमा यस प्रशिक्षण केन्द्रबाट सञ्चालन हुने कुनैपनि किसिमको तालिममा सहभागी गराइने छैन ।

९.शनिवार बाहेक अन्य दिन दैनिक ६ (छ) घण्टा तालिम तोकिएको समयमा हुनेछ ।

माथि उल्लेखित सबै किसिमका तालिम कार्यक्रमको अन्तरर्वार्ता यसै प्रशिक्षण केन्द्रमा सञ्चालन हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**आवेदन फारम www.vstbutwal.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ ।**

**विस्तृत जानकारीको लागि फोन नं.०७१–५३०१३८, website:www.vstbutwal.gov.np**

शाखा अधिकृत